नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

## बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७८-०३-१९ गते बिहान ०७ बजे)**

### नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब सामान्य रहेको, कोशी, नारायणी र यसका सहायक नदीमा बहाब बढ्दो क्रममा रहेको तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ। नारायणीका सहायक नदी मर्स्याङ्दी,बिमलनगर र पूर्वी राप्ती, रजैयामा जलसतहले सतर्कता तह पार गरेको तर घट्दो क्रममा रहेको छ।

### बाढी पूर्वानुमान (Flood Forecast)

**पूर्वानुमान आज : असार-१९ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने, भोटेकोशी, तामाकोशी, दुधकोशी, सुनकोशी लगायत कोशीका सहायक नदीहरु तथा नारायणी र यसका सहायक नदीहरु त्रिशुली, बुढिगण्डकी, कालिगण्डकी, मर्स्याङ्दी लगायतमा बहाव बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- आज पश्चिम राप्ती, बबईमा बहाब सामान्य रहने, कन्काई र कमला जलाधारका स-सना सहायक नदीहरुमा बहाव बढ्ने र सतर्कता आसपास पुग्न सक्ने तथा बागमती, पुर्वी राप्ती र यसका सहायक नदीहरुमा मध्यम देखि भारी बर्षा भई बहाब बढ्ने र खतरा तह आसपास रहने पूर्वानुमान छ।
- आज प्रदेश १ को इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, पाँचथर, तेह्रथुम, धनकुटा, ओखलढुंगा, खोटाङ, भोजपुर,ताप्लेजुङ, प्रदेश २ को बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, बागमती प्रदेशको काठमाडौ, धादिङ, मकवानपुर, चितवन, सिन्धुली, नुवाकोट, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, रसुवा गण्डकी प्रदेशको गोरखा, लमजुङ, तनहुँ, कास्की, स्याङ्गजा, पर्वत, बागलुङ, म्याग्दी, नवलपुर, लुम्बिनी प्रदेशको रुपन्देही, परासी, पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, दाङ र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा बहाव केही बढ्ने र केहीमा आकस्मिक वहाव (Flash Flood) भई सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ।

**पूर्वानुमान भोलि: असार-२० (आइतबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- भोलि कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने, तमोर, भोटेकोशी, सुनकोशी लगायत कोशीका सहायक नदीहरु तथा नारायणी र यसका सहायक नदीहरु त्रिशुली, बुढिगण्डकी, कालिगण्डकी, मर्स्याङ्दी लगायतमा बहाव बढ्ने तथा केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- भोलि पश्चिम राप्ती, बबई लगायतमा बहाव सामान्य रहने, कन्काई, कमला, बागमती, पुर्वी राप्ती र यसका स-साना सहायक नदीमा बहाव उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- भोलि प्रदेश १,२, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको मध्यपहाड, चुरे र तराईको भूभाग भई बहने स-साना नदीमा बहाव उल्लेख्य बढ्ने र केहीमा आकस्मिक वहाव भई सतर्कता तह आसपास पुग्न सक्ने पुर्वानुमान छ।

**पूर्वानुमान पर्सी : असार-२१ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- पर्सी कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने, कोशी तथा नारायणी र यसका सहायक नदीहरुमा बहाब बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- पर्सी पश्चिम राप्ती, बबई लगायतमा बहाव सामान्य घटवढ हुने,कन्काई, कमला, बागमती, पूर्वी राप्ती लगायतमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव भई सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- पर्सी प्रदेश १,२, बागमती, गण्डकी, र लुम्बिनी प्रदेशको मध्यपहाडी, चुरे र तराईको भूभाग भई बहने स-साना नदीमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव भई सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ।

### सरोकारवालाका लागि परामर्श (Advisory):

- आज कोशी, नारायणी र यसका सहायक नदीहरु तथा कन्काई र कमला लगायतमा बहाव उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह पुग्न सक्ने पुर्वानुमान रहेकाले तटीय क्षेत्रमा उच्च सतर्कता अपनाऔं।
- आज बागमती, पुर्वी राप्ती र यसका सहायक नदीहरुमा मध्यम देखि भारी बर्षा भई बहाब बढ्ने र खतरा तह आसपास रहने पूर्वानुमान रहेकाले तटीय क्षेत्रहरू तथा डुवान भईरहने क्षेत्रहरूमा विशेष सावधानी अपनाउनुहुन अनुरोध छ।

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं। विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं।)

नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv
   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast (http://mfd.gov.np/content/?id=3177)*
3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।